**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज ज्योतिर्लिंगहरूमध्ये पहिलो सोमनाथ महादेव मन्दिरको पुनर्निर्माणको अवसरमा 'सोमनाथ अमृत पर्व-२०२६' मा भाग लिनुहुनेछ।

२. पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्य सचिवालय, नबन्नामा मन्त्रिपरिषद्को बैठकको अध्यक्षता गर्नुहुनेछ।

३. पश्चिम बंगालमा कांग्रेस र वामपन्थी दलहरूले भारतीय जनता पार्टी विरुद्ध संयुक्त विपक्षी मोर्चा गठन गर्ने ममता ब्यानर्जीको प्रस्तावलाई अस्वीकार गरेको छ।

४. कांग्रेस नेता अधीर रञ्जन चौधरीले तृणमूल कांग्रेस र ममता ब्यानर्जीमाथि कडा आक्रमण गर्नु हुँदै ममता ब्यानर्जीले आफ्नो कार्यकालमा बंगालमा भएका सबै हिंसाको परिणाम भोग्नुपर्ने बताउनु भएको छ।

५. सेपरेट स्टेट कोअर्डिनेशन कमिटी र गोर्खा युथ एक्टिभिस्ट नेटवर्कले नवनिर्वाचित विधायकहरूलाई बधाई दिंदै उनीहरूलाई जनमुद्दा नबिर्सिने सुझाउ दिएका छन्।

**प्रधानमन्त्रीको सोमनाथ भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आज ज्योतिर्लिंगहरूमध्ये पहिलो सोमनाथ महादेव मन्दिरको पुनर्निर्माणको अवसरमा 'सोमनाथ अमृत पर्व-२०२६' मा भाग लिनुहुनेछ। उहाँले भगवान सोमनाथलाई प्रार्थना गर्नुहुनेछ र कुम्भ अभिषेक अनुष्ठान गर्नुहुनेछ, त्यसपछि उहाँले सार्वजनिक सभालाई सम्बोधन गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले रोड शो पनि आयोजना गरिएको छ। यस अवसरमा मुख्यमन्त्री भूपेन्द्र पटेल र उप मुख्यमन्त्री हर्ष संघवी पनि उपस्थित हुनेछन्।

प्रधानमन्त्री पछि वडोदरा जानुहुनेछ जहाँ उहाँले साँझ ६ बजे सरदारधाम छात्रावासको उद्घाटन गर्नुहुनेछ। छात्रावासमा एक हजार छात्र र एक हजार छात्राका लागि छात्रावासको सुविधाका साथै केन्द्रीय भोजन कक्ष, पुस्तकालय, अडिटोरियम जस्ता सुविधा पनि छन्। श्री मोदीले सरदारधाम परिसरमा स्वागत कक्ष, नागरिक सुविधाहरू, डाइनिंग हल र ई-लाइब्रेरीसहित विभिन्न सुविधाहरूको पनि भ्रमण गर्नुहुनेछ। सभालाई प्रधानमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम छ।

**पश्चिम बंगाल – मन्त्रिपरिषद्**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्य सचिवालय, नबन्नामा मन्त्रिपरिषद्को बैठकको अध्यक्षता गर्नुहुनेछ। शनिबार ब्रिगेड परेड ग्राउन्डमा मुख्यमन्त्रीसँगै पद तथा गोपनीयताको शपथ लिएका पाँच मन्त्रीहरूमा विभागको बाँडफाँड यस बैठकको क्रममा हुने अपेक्षा गरिएको छ। नयाँ मन्त्रिपरिषद्को बैठकमा भारतीय जनता पार्टीको चुनावी वाचाहरूको बारेमा पनि छलफल हुने सम्भावना छ। बैठकमा आयुष्मान भारत, अन्नपूर्ण भण्डारको कार्यान्वयन र राज्य सरकारी कर्मचारीहरूको लागि सातौं वेतन आयोग जस्ता मुद्दाहरूमा छलफल हुने अपेक्षा गरिएको छ। जिल्ला अधिकारी, पुलिस अधीक्षक र विभिन्न विभागका सचिवहरूको उपस्थितिमा प्रशासनिक र कानून व्यवस्थाको स्थितिको समीक्षा पनि गरिनेछ। नवनिर्वाचित विधायकहरू पनि यस बैठकमा उपस्थित हुने अपेक्षा गरिएको छ। मुख्यमन्त्रीलाई लगभग ११ बजी गार्ड अफ अनर प्रदान गरिनेछ, त्यसपछि मन्त्रिपरिषद्को बैठक सुरु हुनेछ।

पश्चिम बंगाल विधानसभाका नवनिर्वाचित सदस्यहरूलाई आगामी बुधबार, बिहीबार र शुक्रबार पदको शपथ ग्रहण गराइनेछ। वरिष्ठ भाजपा नेता तापस रायले कार्यवाहक विधानसभा अध्यक्षको रूपमा विधायकहरूलाई शपथ ग्रहण गराउनुहुनेछ।

**पश्चिम बंगाल – ममता**

पश्चिम बंगालमा कांग्रेस र वामपन्थी दलहरूले भारतीय जनता पार्टी विरुद्ध संयुक्त विपक्षी मोर्चा गठन गर्ने ममता ब्यानर्जीको प्रस्तावलाई अस्वीकार गरेको छ।

***एक सन्देशमा ममता ब्यानर्जीले कांग्रेस, भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) र कट्टरपन्थी वामपन्थी समूहहरूसहित सबै विपक्षी दलहरूलाई भाजपा विरुद्ध एकताबद्ध हुन आह्वान गर्नु भएको थियो। ममता ब्यानर्जीको अपीललाई अस्वीकार गर्दै कांग्रेस प्रवक्ता सौम्या आइच रोयले प्रश्न गर्नु भयो, उहाँ किन कट्टरपन्थी वामपन्थी समूहहरूको कुरा गरिरहेकी छिन्। उहाँले २०१३ मा कांग्रेस कार्यकर्ताहरू विरुद्ध निर्देशित माओवादी हिंसालाई पनि उद्धृत गर्नु भयो। उहाँले तृणमूल कांग्रेसले अघिल्ला चुनावहरूमा कांग्रेसलाई बदनाम गरेको र भाजपाको उदयलाई सहज बनाएको आरोप लगाउनु भयो| उहाँले भन्नु भयो, ममता ब्यानर्जी आफैंले भाजपालाई बंगालमा पाइला राख्ने अवसर दिएकी थिइन्।सीपीआई(एम) का राज्य सचिव मोहम्मद सलीमले पनि ममता ब्यानर्जीलाई भ्रष्ट र साम्प्रदायिक दुवै भनेर वर्णन गर्दै प्रस्तावलाई पूर्ण रूपमा अस्वीकार गर्नु भयो। सीपीआईका राज्य सचिव स्वपन ब्यानर्जीले भन्नु भयो, ममता ब्यानर्जीसँग गठबन्धन गर्ने कुनै प्रश्न नै छैन।सीपीआई (एमएल) लिबरेशनका अभिजित मजुमदारले तृणमूल कांग्रेसलाई दक्षिणपन्थी, तानाशाही पार्टीको रूपमा चित्रण गर्नु भयो भने एसयूसीआई (कम्युनिस्ट) का पोलिटब्युरो सदस्य अमिताभ चटर्जीले ममता ब्यानर्जीले हारको सामना गर्नुपरेको कारणले मात्र यस्तो अपील गरिरहेको टिप्पणी गर्नु भयो।***

**अधीर रञ्जन चौधरी**

स्वतन्त्रतापछि पहिलो पटक पश्चिम बंगालमा भारतीय जनता पार्टीले राज्यमा सरकार बनाएको छ। यस पृष्ठभूमिमा कांग्रेस नेता अधीर रञ्जन चौधरीले तृणमूल कांग्रेस र ममता ब्यानर्जीमाथि कडा आक्रमण गर्नु भएको छ। हिजो श्री अधीर रञ्जन चौधरीले भन्नु भयो, ममता ब्यानर्जीले आफ्नो कार्यकालमा बंगालमा भएका सबै हिंसाको परिणाम भोग्नुपर्नेछ। उहाँले कांग्रेस पार्टी र बंगालको धर्मनिरपेक्ष वातावरणलाई ध्वस्त पार्न उहाँले हरसम्भव प्रयास गरेको आरोप लगाउनु भयो। अब उनको राजनीतिक शक्ति घट्दै गएकोले उनी समर्थन खोजिरहेकी छिन्।

**तृणमूल कङ्ग्रेसभित्र असन्तोष**

वर्ष 2026-को बङ्गाल विधानसभा चुनाउमा ठूलो हार भएपछि तृणमूल कङ्ग्रेसभित्र अब असन्तोष खुलेर बाहिरिरहेको छ। पार्टीको तल्लो स्तरका नेताहरूले लगातार नेतृत्वविरूद्ध आवाज उठाइरहेका छन्। अहिलेघरि विद्रोही स्वरहरू तीव्र भएका छन्। हिजो पनि यो सिलसिला जारी रह्यो। कोलकाता नगरनिगमको 24 नम्बर वार्डकी पार्षद इलोरा साहाले रूष्ट हुँदै बताउनु भयो, 40 वर्षको राजनीतिक परम्परा भए पनि चुनाउमा उनको क्षेत्रलाई कुनै महत्व दिइएन। उहाँले आरोप लगाउनु भयो, बारम्बार पार्टी नेतृत्वलाई स्थितिबारे अवगत गराइएको भए पनि कुनै फाइदा भएन। यसरी नै 48 नम्बर वार्डका पार्षद विश्वरूप डेले चुनावी हारको लागि नगरनिगमको कमजोर सेवा तथा खराब आधारभूत ढाँचालाई जिम्मेवार ठहराए। उहाँको भनाइ छ, निगमको ढाँचा कमजोर भएको कारणले जल निकासी सहित केही आवश्यक सेवाहरू मानिसहरूसम्म सही ढङ्गमा पुग्न सकेन जसको प्रभाव सोझै चुनाउ परिणाममा पऱ्यो।

**सेपरेट स्टेट कोअर्डिनेशन कमिटी र गोर्खा युथ एक्टिभिस्ट नेटवर्क**

सेपरेट स्टेट कोअर्डिनेशन कमिटी र गोर्खा युथ एक्टिभिस्ट नेटवर्कले नवनिर्वाचित विधायकहरूलाई बधाई दिँदै उनीहरूलाई जनमुद्दा नबिर्सिने सुझाउ दिएका छन्। सिलगढ़ीमा हिजो आयोजित एक बैठकमा सेपरेट स्टेट कोअर्डिनेसन कमिटीका संयोजक सञ्जय थुलुङलगायत सदस्यहरू अनि गोर्खा युथ एक्टिभिस्ट नेटवर्कका संयोजक बिरेन्द्र रसाइली लगायत 30 सदस्यीय कमिटीले विधायकहरूलाई बधाई र मुद्दाहरूप्रति ध्यानाकर्षण गराएका हुन्। उक्त संस्थाको पक्षमा बोल्दै मनोज बोगटीले कालेबुङका विधायक

भरत छेत्री, दार्जिलिङका विधायक नोमन राई, खरसाङका विधायक सोनाम लामा, कालचिनीका विधायक विशाल लामा अनि मादरीहाटका विधायक लक्ष्मण लिम्बूलाई बधाई पत्र एवं जन-अपेक्षा अनुरुपका मुद्दाहरूबारे ध्यानाकर्षण गराउनु भएको छ। उहाँले दार्जिलिङ पहाड, तराई र डुवर्सका जनताले यसपटकको विधानसभा चुनाउमा उनीहरूलाई जनताले जुन अपार जनमत दिएर विजयी गराएका छन्, त्यो विजय केवल एक राजनीतिक दलको मात्र नभई वर्षौंदेखि बङ्गालबाट मुक्तिको सङ्घर्ष गरिरहेका सम्पूर्ण गोर्खाहरूको आशा र भरोसाको जित रहेको बताउनु भयो।
उहाँले विगत १० वर्षदेखि गोर्खाहरूले केन्द्रमा भाजपालाई साथ दिँदै आएको, तर यसपटक राज्य र पहाड दुवैतर्फ भाजपा र यसका सहयोगी दलहरूको विजयले गोर्खा मुद्दा सम्बोधनका लागि अब कुनै पनि 'संवैधानिक वा राजनीतिक बाधा' बाँकी नरहेको आफूहरूले अनुभव गरेको बताउनु भएको छ।

**मुख्यमन्त्री प्रेमसिंह तामाङ - सिलगढ़ी**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले हिजो सिलगढ़ीमा एक निजी अस्पतालको उद्घाटन गर्नु भयो। उक्त अस्पताल डा. विशाल गोलेको पहलमा स्थापित एक स्वास्थ्य सेवा संस्था हो। मुख्यमन्त्री श्री तामाङले अस्पतालले गुणस्तरीय उपचार र आधुनिक स्वास्थ्य सेवा प्रदान गरेर सिलगढ़ीका जनतालाई मात्र नभई सिक्किमका बासिन्दाहरूको पनि सेवा गर्ने विश्वास व्यक्त गर्नु भयो। उहाँले अस्पतालको स्थापनाले समाजको कल्याणमा अर्थपूर्ण योगदान पुऱ्याउने र छिमेकी क्षेत्रका बिरामीहरूको लागि उन्नत चिकित्सा सेवाहरूमा पहुँच सुधार गर्न मद्दत गर्ने उल्लेख गर्नु भयो।

****** ० ******